**निर्णय नं.-१**

यस गाउँपालिकाको वडा नं.-६ भीमफेदी बजारमा निर्माणाधिन १५ शैयाको अस्पताल भवन निर्माणको लागि तोकिएको समय २०८१/११/१५ गते कार्य सम्पन्न गर्ने गरि निर्माण ब्यवसायी रविना/नव सिर्जनशिल जे.भी. (६१७८१७९२३) काठमाण्डौंसंग ठेक्का सम्झौता भएकोमा उल्लेखित मितिमा बजेट सुनिश्चितता लगायत भेरिएसन आदेश (V.O.) स्विकृति नभई तोकिएको समयमा कार्य सम्पन्न नभएको हुँदा मिति २०८१/११/०९ गतेको कार्यपालिकाको बैठकबाट २०८३/०१/०८ गते कार्य सम्पन्न गर्ने गरि प्रथम पटक म्याद थप भएकोमा पुनःभेरिएसन आदेश (V.O.) स्विकृतिको लागि प्राविधिक कठिनाई भएकोले निर्माण कार्य समयमा सम्पन्न गर्न नसकेको हुँदा दोश्रो पटक आयोजनाको म्याद थप गरिपाउँ भनि २०८२/१२/०२ गते यस कार्यालयमा निर्माण ब्यवसायी रविना/नव सिर्जनशिल जे.भी. (६१७८१७९२३) काठमाडौंले यस कार्यालयमा निबेदन तथा आवश्यक कागजात पेश गरेकोमा कार्यालयका ईन्जिनियर मार्फत आवश्यक फिल्ड तथा प्राप्त कागजात अध्ययन पश्चात तयार भएको प्राविधिक प्रतिबेदन, स्विकृत टिप्पणी समेत अनुसार म्याद सकिने मिति २०८३/०१/०८ गतेबाट थप १२ महिना (२०८४/०१/०७ गते) सम्म आयोजनाको म्याद थप गर्ने ।

**निर्णय नं.-२**

भीमफेदी गाउँपालिकाको आ.व.२०८२-०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत Packaging and struction of supping Damki Damaar Dhuseni sadak भीमफेदी ५ अन्तर्गतको दमार सोलाभंज्यांग सडक स्तरीकरणको लागि सडकको तल्लो पट्टि थप रेटेनिङ्ग वाल निर्माण गर्न चालु आ.व.को स्वीकृत कार्यक्रममा उल्लेख भएको " विविध पूर्वाधार /अन्य सार्वजनिक निर्माण " शीर्षक अन्तरगत आन्तरिक स्रोत नगद तर्फबाट प्राविधिकले तयार पारेको लागत अनुमान वमोजिम रु.४४८९०६/६०अक्षेरुपि चारलाख अडचालिस हजार नौ सय छ रुपैया असि पैसा खर्च गर्न स्रोत सूनिश्चितता गर्ने ।

**निर्णय नं.-३**

यस गाउँपालिकाको आ.व.२०८२/०८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रमहरुको शीर्षक परिपवर्तको लागि वडा कार्यालयहरुबाट प्राप्त सिफारिस समेतको आधारमा योजना कार्यक्रमहरुलाई संलग्न विवरण बमोजिम शिर्षक परिवर्तन गर्ने।

**निर्णय नं.-४**

कार्यालयको नाममा रहेको ना.१.ब.३५८२ को मोटरसाईकल आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७६ को दफा ४६ बमोजिम मिनाहा गरी लगत कट्टाको लागि यातायात व्यवस्था कार्यालयमा लेखि पठाउने तथा गाउँपालिका अध्यक्ष श्री हिदम लामाज्यूको जिम्मामा रहेको ल्यापटप थान १ मिनाहा गरि कार्यालयको अभिलेख बाट लगत कट्टा गर्न कार्यालयलाई निर्देशन दिने। मिनाहा सम्बन्धि निर्णयहरु आगामी गाउँसभामा पेश गरि अनुमोदन गराउने ।

**निर्णय नं.-५**

यस कार्यालयको "आकस्मिक स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापनको लागि तयार पारिएको कार्यविधि,२०७९" मा भएको व्यवस्थालाई तपसिल वमोजिम संसोधन गर्ने ।

**तपसिल**

| सि. नं. | दफा/उपदफा | मौजुदा व्यवस्था | संशोधन प्रस्तावित बेहोरा | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | १३(१) | दफा १२ को उपदफा ३ अनुसार आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नको लागि खटिएका चिकित्सक,स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई कार्य गरेको प्रत्येक कार्यदिनको तपसिल बमोजिमको रकम प्रोत्साहन स्वरुपम मासिक तलबभत्तासँगै उपलब्ध गराइनेछ ।<br>क) चिकित्सक रु. ८००।<br>ख) पारामेडिक्स रु. ५००।<br>ग) नर्सिङ रु. ५००।<br>घ) कर्मचारी रु. २००। | दफा १२ को उपदफा ३ अनुसार आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नको लागि खटिएका चिकित्सक,स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई कार्य गरेको प्रत्येक कार्यदिनको तपसिल बमोजिमको रकम प्रोत्साहन स्वरुपम मासिक तलबभत्तासँगै उपलब्ध गराइनेछ ।<br>क) चिकित्सक रु. १,०००।<br>ख) पारामेडिक्स रु. ७००।<br>ग) नर्सिङ रु. ७००।<br>घ) कर्मचारी रु. ३००।<br>उक्त रकम स्वीकृत वार्षिक कार्यक्रममा नै उल्लेख भई आएकोले चालु आ.व. को श्रावण महिनादेखि नै भुक्तानी दिने । | चालु आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रममा सोही बमोजिम उल्लेख भई पारित भएकोले । |

**निर्णय नं.-६**

राष्ट्रिय गौरव एवम् रणनीतिक महत्वको उच्च प्राथमिकता प्राप्त आयोजना काठमाणडौ-तराई/मधेश द्रुतमार्ग (Expressway) सडक आयोजनामा प्रयोग गर्ने निर्माण व्यवसायी CREGC-COVEC JV लाई नदिजन्य पदार्थ उपलब्ध गराउने सम्बन्धमा।

१. राष्ट्रिय गौरव एवम् रणनीतिक महत्वको उच्च प्राथमिकता प्राप्त आयोजना काठमाणडौ-तराई/मधेश द्रुतमार्ग (Expressway) सडक आयोजनाको मिति २०८२/१२/२६ को निवेदन पत्रमा निम्न उल्लेखित व्यहोराको पत्र प्राप्त भएको,

मिति २०८२/१२/२६, प.सं.१५८५४/११/०८२/८३/१२९ (काठमाणडौ-तराई/मधेश द्रुतमार्ग (Expressway) सडक आयोजना) को यस भीमफेदी गाउँपालिकामा प्राप्त पत्रको व्यहोरामा प्याकेज नं. KTFT/ICB/WORKS/TUNNEL/080/081/10 अन्तर्गतको निर्माण व्यवसायी CREGC-COVEC JV लाई सडक निर्माण कार्यको लागि २१००० घ.मी. (७४०८८० घनफिट) नदीजन्य पदार्थ आवश्यक परेको हुँदा उल्लेखित निर्माण व्यवसायीले ×त्यस गाउँपालिकाको जिम्मेवारी इलाकाबाट व्यवस्थापन गर्ने योजना गरेकोले राष्ट्रिय गौरवको यस आयोजना निर्माण कार्यलाई

प्रभावित हुन नदिनको लागि प्रचलित नियम कानुन, त्यस कार्यालयको व्यवस्थाहरु साथै ढुङ्गा, गिट्टी बालुवा उत्खनन्, बिक्री व्यवस्थापन सम्बन्धी मापदण्ड बमोजिम सहयोग तथा सहजिकरण गरी दिनुहुन अनुरोध गरिन्छ" भन्ने समेत व्यहोराको पत्र।

**सो सम्बन्धमा कानुनी आधार,**

**२. ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ मा भएको व्यवस्था।**

१) ठुला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरुका लागि नदीजन्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट सञ्चालित त्यस्ता आयोजनाहरुलाई आवश्यक पर्ने ढुङ्गा, गिट्टी तथा वालुबाको वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकाले नियमानुसारको शुल्क वा दस्तुर लिई आयोजना कार्यालयको सिफारिसमा तोकिएको स्थानबाट निर्माण सामग्री सङ्कलनको व्यवस्था मिलाउनु पर्नेछ।

२) उपदफा (१) बमोजिम नदीजन्य पदार्थ उपलब्ध गराउनु पर्दा सम्बन्धित आयोजना कार्यालयको आवश्यक परीमाण खुल्ने व्यहोराको सिफारिस, सम्बन्धित निकायले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन, शुल्क वा दस्तुर तिर्ने प्रतिबद्धता, आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन र आयोजना सञ्चालन गर्ने गरी भएको सम्झौता लगायत कागजातको आधारमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले शुल्क वा दस्तुर लिई त्यस्तो नदीजन्य पदार्थ उपलब्ध गराउनु पर्नेछ।

३. यस दफा बमोजिम प्राप्त गरेको ढुङ्गा, गिट्टी तथा बालुवा आयोजनाको लागि मात्र प्रयोग गर्ने व्यवस्था सम्बन्धित आयोजना प्रमुखले मिलाउनु पर्नेछ र अन्यत्र प्रयोग भएको पाइएमा अनुगमन समितिले त्यस्तो आयोजना प्रमुखलाई सम्बन्धित निकायमा आवश्यक कारबाहीको लागि लेखी पठाउनु पर्नेछ।

४. यस गाउँपालिकाको तर्फबाट तयार भै जिल्ला समन्वय समितिको मिति २०८१/११/२० मा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृत भएको।

५. यस गाउँपालिकाको राजस्व परामर्श समितिको मिति २०८३/०१/०७ को सिफारिस तथा निर्णय बमोजिम राष्ट्रिय गौरव एवम् रणनीतिक महत्वको उच्च प्राथमिकता प्राप्त आयोजना काठमाणडौ-तराई/मधेश द्रुतमार्ग (Expressway) सडक आयोजनामा प्रयोग गर्ने निर्माण व्यवसायी CREGC-COVEC JV लाई लाई प्रति Cft. रु ७.५० का दरले राजस्व लिई २१००० घ.मी. (७४०८८० घनफिट) नदीजन्य पदार्थ उपलब्ध गराउने भनि निर्णय भएको।

**सो सम्बन्धको निम्न निर्णय गरियो,**

१. राष्ट्रिय गौरव एवम् रणनीतिक महत्वको उच्च प्राथमिकता प्राप्त आयोजना काठमाणडौ-तराई/मधेश द्रुतमार्ग (Expressway) सडक आयोजनामा प्रयोग गर्ने निर्माण व्यवसायी CREGC-COVEC JV लाई माग बमोजिम नदीजन्य पदार्थ उपलब्ध गराउने,

२. सो बापत अग्रीम शुल्क वा बैंक जमानत लिई उपलब्ध गराउने,

३. सो सम्बन्धमा भीमफेदी गाउँपालिका वडा नं. ८ स्थित माण्डु हाईड्रोपावर लि. को Downstream काठमाणडौ-तराई/मधेश द्रुतमार्ग (Expressway) सडक किनारमा घाटगद्धि गरि राखिएको यस गाउपालिकाको प्राविधिक प्रतिवेदन अनुसार १६२१८.२३२३ घ.मी. नदीजन्य पदार्थ रहेको र माग भए अनुसार नपुग ४७८१.७६७७ घ.मी नदीजन्य पदार्थ मिति २०८१/११/२० गते जिल्ला समन्वय समितिको कार्यालय मकवानपुरको बोर्ड बैठकबाट स्वीकृत ईपा खोलाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा तोकिएको उत्खनन् क्षेत्र २ (वडा नं. ८) बाट नदीजन्य पदार्थ उपलब्ध गराउने।

४. बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०८२ मा प्रति Ctt. रु ७ (मु.अ.कर बाहेक) तोकीएकोमा सो प्रति cft. ५० पैसा थप गरी प्रति cft. ७.५०/- (मु.अ.कर बाहेक) रकम लिने,

**सो थप गरेको रु ५० पैसा प्रति Cft. लिनुको आधार**,

क) प्रशासनिक व्यवस्थापन गर्न

ख) कर्मचारी व्यवस्थापन गर्न

ग) अनुगमन मुल्याङ्कन कार्य गर्न

५. सो उत्खनन् क्षेत्रको नियमित अनुगमन गरी प्रतिवेदन समावेश गर्ने

६. उत्खनन् स्थलमा नियमित निगरानी गर्न, दैनिक ज्यालादारीमा वडा समितिको सिफारिस बमोजिम दक्ष कामदारको ज्याला उपलब्ध गराउने गरी कार्यालयले उत्खनन् अवधिभर आवश्यकता अनुसार कर्मचारी व्यवस्थापन गर्ने,

७. उक्त कार्यको व्यवस्थापन गर्न राष्ट्रिय गौरव एवम् रणनीतिक महत्वको उच्च प्राथमिकता प्राप्त आयोजना काठमाणडौ-तराई/मधेश द्रुतमार्ग (Expressway) सडक आयोजनामा प्रयोग गर्ने गरी निर्माण व्यवसायी CREGC-COVEC JV को माग बमोजिम नदीजन्य पदार्थ उपलब्ध गराउने सम्बन्धी कार्य योजना तयार गर्ने निर्णय गरियो।

८. राजस्व परामर्श समिति, प्रविधिक, बडाका जनप्रतिनीधी लागाएत कर्मचारीबाट अनुगमन मूल्याङ्कन गर्ने।

९. उक्त कार्यको लागी वडा संमितिको सिफारिसमा दक्ष जनशक्तिको सेवा उपलब्ध गराउने गरि दैनिक ज्यालादारीमा आवश्यकता अनुसार कर्मचारी व्यवस्थापन गर्ने।

निर्णय नं.- ७

१. आर्थिक बर्ष २०८१/०८२ मिति २०८२ साल बैशाख ४ गते मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री स्किम श्रेष्ठज्यूको अध्यक्षतामा विपद् न्यूनीकरण तथा ब्यबस्थापन ऐन, २०७४(संशोधन सहित) को परिच्छेद ७ को दफा १६ बमोजिम जिल्ला विपद् समितिको बैठकबाट निर्णय भएको र यस आर्थिक बर्षमा मनसुनजन्य विपद्लाई मध्यनजर गरी यस भीमफेदी गाउँपालिका क्षेत्रभित्र रहेका देहायका नदी खोला र खहरे खोलामा बाढी पहिरोका कारणले ढुङ्गा गिट्टी तथा माटोजन्य पदार्थ थुप्रिन गई सो को कारणले त्यस क्षेत्रका बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न भएको वा हुन सक्ने अबस्था सिर्जना भएकोले उक्त क्षेत्रको नदीजन्य पदार्थ ब्यबस्थापन गर्न सम्बन्धित क्षेत्रका स्थानीय तथा वडा समितिबाट अनुरोध भई आएको हुँदा सो सम्बन्धमा भीमफेदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट गरिएको प्राविधिक नापजाँचबाट देखिएको देहाय बमोजिमको नदीजन्य पदार्थ सो क्षेत्रबाट हटाउन वा ब्यबस्थापनको लागि जिल्ला विपद् ब्यबस्थापन समिति, नदीजन्य तथा खानीजन्य पदार्थको जिल्ला विपद् ब्यबस्थापन समिति, नदीजन्य तथा खानीजन्य पदार्थको जिल्ला अनुगमन समितिमा लेखि पठाउने।

| क्र.सं. | नदीजन्य पदार्थ ब्यबस्थापन गर्नुपर्ने क्षेत्र | औसत लम्बाई(मि.) | परिमाण(घ.मि.) | ब्यबस्थापन गर्नुपर्ने कारण | कैफियत |
|---|---|---|---|---|---|
| १. | कान्ति लोकपथ बागमती पुल क्षेत्र भीमफेदी – ८ (Upstream of River From Baagmaati Bridge) | २३४.०० | ७३०८.५४४४ | खोलाको सतह बढेर पुल जोखिममा परेकोले Depositeहटाउने । | भीमफेदी गाउँपालिकाका प्राविधिकद्धारा पुन नापजाँच पश्चात एकिन भएको परिमाण |
| २. | कान्ति लोकपथ वागमती पुल आसपासका क्षेत्र भीमफेदी- ८(Downstream of River From Baagmaati Bridge) | १९८.०० | ४७२७.४४१९ | वागमती पुलको Upstream र downstream को सतह मिलाई deposite निकाल्ने। | |
| ३. | माण्डु हाईड्रोपावर क्षेत्र, भीमफेदी-८(Downstream From Mandu Hydropower House) | २५६.०० | २९०४५.३४३ | माण्डु हाईड्रोपावर पावर हाउसको Upstream र downstream कोLevel मिलाउन पर्ने हुँदा deposite हटाउने । | |
| ४. | टौवास पारीको क्षेत्र भीमफेदी-१ | २००.०० | ३०००.०० | होटल र बस्तीतिर कटान हुने जोखिम रहेकोले deposit हटाउने । | मिति २०८२/०१/०४ गते जिल्ला विपद व्यवस्थापन समिति मार्फत एकिन गरिएको परिणाम |
| ५. | चिउरी बगैचा रानीखोला साधीकुना क्षेत्र, भीमफेदी३ र ४(Downstream of suspension Bridge) | १५०.०० | ३०००.०० | चिउरी बगैचा पार्क जोखिम रहेकोले chanelize हटाउने । | |
| ६. | चिउरी बगैचा रानीखोला साधीकुना क्षेत्र, भीमफेदी३ र ४(Downstream of suspension Bridge) | १५०.०० | ४५००.०० | फुटबल रंगशाला जोखिममा रहेकोले channelize गरी deposit निकाल्ने । | |

२. यस भीमफेदी गाउँपालिकाको वडा नं. ३ र ४ रहेको गोल्पिङ खोला र रासी खोलामा मनसुनजन्य प्रभावको कारण बर्षेनी बर्षातको समयमा खोलाको बहाव उच्च रहने र सो खोलाले दायाँबायाँ कटान गर्ने कार्य बर्षेनी हुने हुँदा बर्षात अगावै सो नियन्त्रणको लागि खोलाको ढुङगा, गिट्टी, वालुवा दायाँबायाँ पन्छाई त्यस क्षेत्रको बस्ती र मानवीय जोखिमन्यूनीकरण गर्न आवश्यक बजेट विनियोजन गरी कार्यन्वयनको कार्यान्वयन गर्ने ।

३.यस गाउँपालिका क्षेत्रभित्र विपद् ब्यबस्थापनसँग सम्बन्धित खोज उद्धारका उपकरण लगायत आवश्यक सामाग्री तथा उपकरणहरु अन्य सामाग्री नेपाली सेना, ईलाका प्रहरी कार्यालय , भीमफेदी मकवानपुर र शसस्त्र प्रहरी अस्थायी बेस सुरक्षा कारागार माग गरेका उपकरणहरु खरिद गर्दै प्रक्रियाको लागि गत विगत बर्षहरुमा खरिद गरेका सामाग्रीको मौज्जातको विवरण प्राप्त भएपछि कार्यालयले एकिन गरी खरिद प्रकृया गर्ने ।

४. यस भीमफेदी गाउँपालिकाको वडा नं.५ मा रहेको सुपिङ दम्की सडक र सुपिङ सोलाभञ्याङ मनसुनजन्य प्राकृतिक प्रकोप पहिरोको कारण सो सडक खण्डको छेउको भाग भत्किन गई सो दुवै सडक खण्ड उच्च जोखिममा रहेको हुँदा बर्षात समय अगावै सो पहिरो नियन्त्रणको प्लम वाल गर्ने कार्यको लागि प्राविधिकको इस्टिमेट तथा लागत अनुमानको आधारमा आवश्यक बजेट रकम रु ३०,८८,१६१.४४। -(अक्षेरुपी रु तीस लाख अठासी हजार एक सय एकसठ्ठी रुपैया चौवालिस पैसा मात्र) आन्तरिक मामिला तथा कानून मन्त्रालय, वागमती प्रदेश समक्ष बजेट विनियोजनको लागि अनुरोध गर्ने ।

**<u>निर्णय नं.-</u> ८**

यस भीमफेदी गाउँपालिका वडा नं.९ मा रहेको "श्री लेकाली बसिफाँट मा.वि. बसिफाँटको बस खरिदका लागि विनियोजित रु ३० लाख रकममा नपुग हुने भएकोले आवश्यक थप रकम यसै गाउँपालिकाको आ.व. २०८२/०८३ को **'विविध पूर्वाधार/अन्य सार्वजनिक निर्माण' (आन्तरिक स्रोत नगद)** शीर्षकबाट रकमान्तर वा बजेट सुनिश्चितता गरी खरिद प्रक्रिया अगाडि बढाउने ।"

**<u>निर्णय नं.-</u> ९**

कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ दफा ४ को उपदफा २ बमोजिमको आयोजना वडा बाट छनौट भई आएको उक्त आयोजनाहरु सञ्चालन गर्न मिति २०८२ चैत्र ४ गते बुधबारका दिन स्थानीय निर्देशक समितिको बैठक बसी गाउँ कार्यपालिकामा सिफारिस गर्ने भनी निर्णय भई आए बमोजिम स्थानीय निर्देशक समितिको उल्लेखित निर्णय सम्बोधन गर्ने ।